नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्या:-
चलानी संख्या:-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ समक्ष संयुक्त राष्ट्रसंघका नेपालस्थित आवासीय संयोजक Hanna Singer Hamdy ले मिति २०८० ज्येष्ठ १७ गते शिष्टाचार भेट गर्नुभयो। उक्त भेटवार्तामा सन् २०२३ को सेप्टेम्बरमा आयोजना हुने दिगो विकास सम्मेलनमा नेपालको सहभागिताको तयारी, Food System Transformation and Stocktaking Moments को आगामी सम्मेलनमा नेपालको सहभागिता, LDC Graduation सम्वन्धी तयारी, Global Accelerator on Jobs and Social Protection for Just Transitions र Scaling Up Nutrition (SUN) कार्यक्रमहरूका सम्वन्धमा छलफल भयो । भेटघाटमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रामकुमार फुयाल, आयोगका सदस्य-सचिव श्री केवल प्रसाद भण्डारी, दिगो विकास तथा अन्तराष्ट्रिय सम्वन्ध महाशाखा लगायतका अन्य महाशाखा प्रमुखहरूको सहभागिता रहेको थियो।

सो भेटवार्ताका क्रममा माननीय उपाध्यक्ष डा. श्रेष्ठले नेपालको विकासमा संयुक्त राष्ट्रसंघले हालसम्म पुर्याउदै आएको सहयोगका लागि आभार प्रकट गर्नुभएको थियो। उहाँले नेपालले तयार गरिरहेको Smooth Graduation Strategy लाई अन्तिम रुप दिई सो को प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निकाय तथा सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन कार्ययोजना तर्जुमाको प्रक्रिया सुरु गरिसकिएको जानकारी दिँदै यसमा आवश्यक सहयोग जुटाउन संयुक्त राष्ट्रसंघका नेपालस्थित आवासीय संयोजकको कार्यालयले नेपालस्थित संयुक्त राष्ट्रसंघीय निकायहरुसंग समन्वय र सहयोगका लागि भूमिका खेल्ने अपेक्षा गर्नुभयो।

उहाँले दिगो विकास लक्ष्य हासिल गर्दा नेपालको राष्ट्रिय विकास लक्ष्य हासिल हुने तथा राष्ट्रिय विकास लक्ष्य हासिल हुदाँ दिगो विकास लक्ष्य प्राप्तिमा पनि योगदान पुग्ने भएकाले यी दुवै विषय एक आपसमा परिपुरक भएको हुदाँ यसमा नेपाल र संयुक्त राष्ट्रसंघको सहकार्य र साझेदारी महत्वपूर्ण हुने धारणा राख्नुभयो।

बैठकमा आयोगका माननीय सदस्य डा. रामकुमार फुयालले दिगो विकास लक्ष्यका सूचकहरूको प्रगतिबारे प्रकाश पार्दै नेपालमा दिगो रोजगारीको अवसरको सिर्जना र सामाजिक सुरक्षा कार्यक्रमहरुको दिगोपनाको सुनिश्चितता गर्नु अपरिहार्य आवश्यकता रहेको विषय व्यक्त गर्दै संयुक्त राष्ट्रसंघका तर्फबाट यस सम्बन्धमा सहयोगको अपेक्षा रहेको उल्लेख गर्नुभयो। साथै, नेपालले Global Accelerator on

०८०-०२-१८

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग

पत्र संख्याः-
चलानी संख्याः-

सिंहदरबार, काठमाडौं

Jobs and Social Protection for Just Transitions को Path Finder मुलुकका रुपमा समावेश भई कार्य गर्न इच्छुक रहेको प्रष्ट पार्नु भयो।

आयोगका सचिव श्री केवल प्रसाद भण्डारीले नेपालले खाद्य प्रणालीमा कठिनाई भोगिरहेको सन्दर्भमा संयुक्त राष्ट्रसंघीय खाद्य सम्मेलनले नेपालजस्ता मुलुकहरुको समस्यालाई मूल्याङ्कन गरी आवश्यक सहयोग गर्नुपर्ने धारणा राख्नुभएको थियो । नेपालले हालसम्म तीनवटा राष्ट्रिय तथा सातवटा प्रादेशिक खाद्य बहस (Food Dialogue) सञ्चालन गरिसकेको जानकारी दिदै यस विषयलाई सरकारले उच्च महत्व दिएको उल्लेख गर्नुभयो।

संयुक्त राष्ट्रसंघका नेपालस्थित आवासिय संयोजक Hanna Singer Hamdy ले दिगो विकास सम्मेलन तथा अतिकम विकशित राष्ट्रको हैसियतबाट स्तरोन्नतिको रणनीति तयारी लगायतका विषयमा नेपालले गरेको तयारी प्रसंसनीय रहेको उल्लेख गर्दै संयुक्त राष्ट्रसंघ नेपालको विकास र हितका लागि सधै सहयोगी रहने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । उहाँले नेपाल अतिकम विकसित मुलुकको समुहबाट विकासशील मलुकमा स्तरोन्ती हुने क्रममा रहेको अवस्थामा आवश्यक सबै सहयोग र विकास साझेदारहरुबीच समन्वय गर्न ईच्छुक रहेको बताउनु भयो । यसका साथै दिगो विकास सम्मेलनमा नेपालको प्रभावकारी उपस्थितिका लागि आवश्यक तयारीका लागि सहयोग गर्न समेत इच्छुक रहेको उल्लेख गर्नुभयो। उहाँले Scaling Up Nutrition (SUN) का प्रमुखले नेपालमा यस कार्यक्रमको प्रभावकारीतालाई उच्च मूल्याङ्कन गर्दै भ्रमण गर्न ईच्छुक रहेको विषय समेत जानकारी गराउनुभयो।

२०८० - ०२-१८

(डा. राम कुमार फुयाल)

सदस्य तथा प्रवक्ता